# स्नातकोत्तर तहमा भएका भाषिक अनुसन्धानको अवस्था

**सहप्रा.डा. हर्क बहादुर शाही**
सुर्खेत क्याम्पस शिक्षा
इमेल :shahiharka482075@gmail.com

## *लेखसार*

*त्रिभुवन विश्व विद्‌यालयको शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहमा शोधपत्र लेखनका लागि निर्धारण गरिएका अनुसन्धानका क्षेत्रमध्ये भाषिक अनुसन्धान पनि एक हो । यस अन्तर्गत भाषाको व्याकरणिक अध्ययन, भाषिका, भाषिक भेद सम्बन्धी अनुसन्धान गरिन्छ । यसमा भाषाका विशेषता पत्ता लगाउनुका साथै अन्य भाषा भाषिकासँग तुलना गरिन्छ । सुर्खेत क्याम्पस शिक्षाबाट स्नातकोत्तर नेपाली शिक्षामा २०७५ सालसम्म भएका भाषा सम्बन्धी शोधको क्षेत्र पहिचान गरी त्यसको व्याख्या र विश्लेषण गर्ने उद्‌देश्य रहेको यस लेखमा नेपाली शिक्षा विभाग र क्याम्पसको पुस्तकालयबाट सामग्री सङ्कलन गरिएको छ ।  विभागमा विभिन्न क्षेत्रका ४८८ ओटा शोध भएको र भाषा सम्बन्धी ७८ ओटा शोधपत्रलाई मात्र उद्‌देश्यमूलक नमुना छनोट विधिको उपयोग गरी छनोट गरिएको छ । छानिएका शोधमा भाषिका र भाषिक भेदको तुलना र व्याकरणात्मक अध्ययन क्षेत्र अन्तर्गत २३ (२९ प्रतिशत), भाषा, भाषिकाको कोशीय, तुलनात्मक र व्याकरणगत अध्ययन अन्तर्गत २८ (३६ प्रतिशत)  र  लोक साहित्यमा भाषाको अध्ययन अन्तर्गत २७ (३५ प्रतिशत)  शोध भएका छन् । भाषिका र भाषिक भेदको स्तरीय नेपालीसँग व्याकरणात्मक कोटि, नाम, क्रियापद, शब्दवर्ग, कारक विभक्ति र पदकोटिगत तुलना गरिएको छ । कालीकोटे, बाजुराली, सिँजाली, रुकुमेली, सिम्ताली, मुगाली  र हुम्ली भाषिका, राउटे (खाम्ची), मगर, मगर पाङ/खाम भाषाका शब्दकोशीय अध्ययन भएको छ । जुम्ली, जाजरकोटी, रुकुमेली भाषिक भेदको अनुकरणात्मक कोश पनि निर्माण भएका छन् भने मगर ढुट र कालीकोटे भाषिक भेदको क्रियाकोश निर्माण भएका छन् । कालीकोट र दुल्लुका धामी झाँक्रीले बोल्ने भाषाका शब्दको सङ्कलन गरी कोश निर्माण गरिएको छ । त्यसै गरी कृषि र सुनचाँदी व्यवसायीको पार्सी भाषाका प्रयोजनपरक नेपालीको पनि शब्दकोशीय अध्ययन भएको छ । थारू, अवधी भाषा र असिदराली, हुम्ली तिब्रीकोटी भाषिक भेद र रुकुम जहारी क्षेत्र, सुर्खेत सिम्ता क्षेत्रका उखान र सिँजा दरा, दुल्लु क्षेत्र, जुम्ला पान्सय दरा र सिम्ता दराका संस्कार गीतमा प्रयुक्त भाषाको शोध भएको पाइन्छ । जाजरकोट दसेरा क्षेत्र, दैलेख माझखण्ड र कालीकोट सान्नी रास्कोट क्षेत्रका पर्वोत्सव गीतमा प्रयोग भएको भाषा र कालीकोट दैलेखको आठबिस क्षेत्रमा गाइने देउडा, रुकुम कोट क्षेत्र र सुर्खेत सिम्ता दरामा प्रचलित लोककथा, सिंगारू र  टप्पा गीत कालीकोट रास्कोटमा*

*गाइने माँगल र झोडा, जाजरकोट लहँ क्षेत्रमा प्रचलित ख्याली गीत र कालीकोटे भाषिक भेदको गालीमा प्रयोग भएको भाषाको समेत शोध भएको छ । यसरी सुर्खेत क्याम्पस शिक्षाबाट भाषा र भाषिकाको कोशीय अध्ययन धेरै भएको छ भने व्याकरणिक र तुलनात्मक अध्ययन कम भएको छ । लोक साहित्यमा भाषाको अध्ययन भने दोस्रो स्थानमा रहेको छ ।*

***शब्दकुञ्जी :*** अनुसन्धान, भाषा, भाषिका, लोक साहित्य, भारत, माँगल, गाली ।

## परिचय

अनुसन्धान शब्द 'अनु' र 'सन्धान' मिलेर बनेको छ। यसको अर्थ कुनै पनि कुराको पछि लागेर गरिने खोज हो । भाषा सम्बन्धी विभिन्न पक्षमा गरिने अनुसन्धानलाई भाषिक अनुसन्धान भनिन्छ। शिक्षाशास्त्रीय नेपाली शिक्षा अन्तर्गत पाठ्यक्रम तथा पाठ्य पुस्तक विश्लेषण, शिक्षण विधिको अध्ययन, मूल्याङ्कन प्रक्रिया, भाषिक क्षमता अध्ययन, बालभाषाको अध्ययन, भाषा तथा भाषिकाहरुको अध्ययन, त्रुटि विश्लेषण, सङ्कथन एवम् पाठहरुको विश्लेषण र आवश्यकता विश्लेषण गरी जम्मा नौ ओटा क्षेत्र रहेका छन् (अधिकारी, २०६० पृपृ.९-१३) । ती शोधका क्षेत्रमध्ये नेपाल जस्तो बहुभाषिक मुलुकमा भाषा तथा भाषिकाको अध्ययन एक महत्त्वपूर्ण क्षेत्र हो । यस अन्तर्गत त्रिवि शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तहमा भाषाका व्याकरण, भाषिका, स्थानीय भेद, शब्दकोश, लोक साहित्यमा प्रयुक्त भाषा जस्ता विषयको वर्णनात्मक, ऐतिहासिक र तुलनात्मक अध्ययन गरिन्छ। व्याकरणमा पनि वर्ण, रूप, वाक्य र सङ्कथनसम्मको वर्णनात्मक र तुलनात्मक अध्ययन गरिन्छ। भाषाका क्षेत्रीय र सामाजिक भेद, स्थानीय भाषिक भेद, शब्दकोश अन्तर्गत विभिन्न प्रयोजनपरक कोश निर्माण, द्विभाषिक र बहुभाषिक कोश, लोक साहित्यका विभिन्न विधामा प्रयोग भएको भाषाको अध्ययन गरिन्छ। साहित्यिक कृतिको शैली वैज्ञानिक र सङ्कथनगत अध्ययन, पत्रपत्रिकाका विभिन्न स्तम्भ र सञ्चार माध्यममा प्रयोग भएको भाषाको अध्ययन पनि भाषिक अध्ययन अन्तर्गत गरिन्छ। भाषिक स्थिति, प्रकृति र प्रवृत्तिको तुलनात्मक अध्ययन राष्ट्रभाषा नेपाली र अन्य भाषाको शिक्षण समस्या समाधानका दृष्टिले भाषिक अनुसन्धान महत्त्वपूर्ण छ (अधिकारी, २०६०, पृ.११) । सुर्खेत क्याम्पस शिक्षाको स्नाकोत्तर तह नेपाली शिक्षा विषयको शोधपत्र लेखनमा भाषिक अनुसन्धान अन्तर्गत कुन कुन क्षेत्रका अनुसन्धान भएका छन् ? तिनको विवरण तयार पारी आगामी दिनमा अनुसन्धान गर्ने अनुसन्धानकर्तालाई सूचना प्रदान गर्ने र भाषिक अनुसन्धानका क्षेत्र अन्तर्गत अनुसन्धान कार्य भए नभएको कुरा यसमा उल्लेख गरिएको छ।

## अध्ययन विधि


स्नाकोत्तर तहमा भएका भाषिक अनुसन्धानको अवस्था पत्ता लगाउनु र अनुसन्धेय क्षेत्र पहिचान गरी व्याख्या र विश्लेषण गर्न' यस शोधलेखको उद्देश्य रहेको छ। यो अध्ययन भाषिक अनुसन्धानका विभिन्न क्षेत्रसँग सम्बन्धित शोधपत्रको सङ्ख्यात्मक गणना र तिनको व्याख्या विश्लेषणसँग सम्बन्धित भएकाले यो अध्ययन परिमाणात्मक ढाँचामा आधारित छ ।

भाषा, भाषिका, भाषिक भेद र लोक साहित्यमा प्रयुक्त भाषा र कोशगत शोधपत्रलाई नेपाली शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा र उक्त क्याम्पसको पुस्तकालयबाट सङ्कलन गरिएको छ। क्याम्पसबाट हालसम्म भाषा, भाषिका, भाषिक भेदका व्याकरण, कोश, लोक साहित्यमा प्रयोग भएको भाषा, कृतिको शैली विश्लेषण, पत्रिकाको सम्पादन र समाचारमा प्रयुक्त भाषा, एफ. एम. रेडियोको समाचारमा प्रयुक्त भाषा, स्थाननाम कोश, भाषा पाठ्यक्रम, पाठ्य पुस्तक, शिक्षण विधि, सिपगत क्षमता, मूल्याङ्कन प्रक्रिया, प्रश्नपत्रको विश्लेषण जस्ता विषयमा ४८८ ओटा शोध भएकोमा यस लेखमा भाषासँग सम्बन्धित ७८ ओटा शोधपत्रलाई मात्र उद्देश्यमूलक नमुना छनोट गरिएको छ। छनोटमा परेका शोधलाई शोधक्षेत्रका आधारमा वर्गीकरण गरी विश्लेषण गरिएको छ। यस शोधलेखमा सुर्खेत क्याम्पस शिक्षाबाट स्नातकोत्तर तहको नेपाली शिक्षा विभागबाट २०६३ सालदेखि २०७५ सालसम्म भएका भाषा, भाषिका र भाषिक भेद, कोश, व्याकरण र लोक साहित्यमा प्रयुक्त भाषाको अध्ययनसँग सम्बन्धी ७८ ओटा शोधपत्रलाई मात्र लिइएको छ। यस बाहेक भाषिक अध्ययन अन्तर्गतका शैली विश्लेषण, पत्रपत्रिका र एफ.एम.मा प्रयोग भएको भाषाको अध्ययन, सङ्कथन विश्लेषण र स्थाननामको कोशगत अध्ययनलाई यसमा समेटिएको छैन।

## परिणाम र छलफल

### *सुर्खेत क्याम्पस शिक्षाबाट हालसम्म भएका भाषा सम्बन्धी शोधपत्र*

यस क्याम्पसबाट २०७५ सालसम्म शैलीपरक र सङ्कथन विश्लेषण बाहेक भाषा सम्बन्धी ७८ शोधहरु भएका छन्। ती शोधपत्रहरुको समग्र अवस्थालाई प्रतिशतमा वृत्ताकार तालिका मार्फत यसरी देखाउन सकिन्छ :




माथिको तालिका अनुसार भाषा सम्बन्धी भएका अनुसन्धानका क्षेत्रहरुमा भाषिका र भाषिक भेदको तुलना, व्याकरण र समाज भाषिक अध्ययन २९ प्रतिशत, भाषा र भाषिकाको कोशीय, तुलनात्मक र व्याकरणगत अध्ययनमा ३६ प्रतिशत र लोक साहित्यका विधामा प्रयुक्त भाषाको अध्ययनमा ३५ प्रतिशत गरी जम्मा तिन ओटा क्षेत्रमा अध्ययन भएको पाइन्छ। यी तिनै क्षेत्रमध्ये भाषा भाषिकाको कोशीय, तुलना र व्याकरणात्मक अध्ययनमा सबभन्दा धेरै अध्ययन

भएको र भाषिका र भाषिक भेदको तुलना, व्याकरण र समाज भाषिक अध्ययनमा सबभन्दा कम अनुसन्धान भएको पाइन्छ । यसै गरी लोक साहित्यमा प्रयोग भएको भाषाको अध्ययन दोस्रो स्थानमा छ। कर्णाली प्रदेशमा भाषिक विविधताले भरिएको प्रदेश भएकाले पनि यस क्याम्पसमा अध्ययनरत स्नातकोत्तर तहका विद्यार्थीले भाषा भाषिकाको कोश, व्याकरण र तुलनात्मक अध्ययनलाई आ‍त्त नो अनुसन्धेय क्षेत्र बनाएका हुन् । त्यसै गरी लोक साहित्यका दृष्टिले पनि यो प्रदेश विविधताले भरिपूर्ण भएकाले लोक साहित्यमा प्रयोग भएको भाषाको अध्ययन दोस्रो स्थानमा रहेको छ। समाज भाषिक र भाषिका र भाषिक भेदको भने तुलना र व्याकरणका क्षेत्रमा भने तुलनात्मक रूपमा कम भएको पाइयो । सुरुतिरका शोधार्थीले जुन क्षेत्रमा शोध गऱ्यो सोही क्षेत्रमा अन्यले पनि शोध गर्ने परम्परा भएकाले समाज भाषिक क्षेत्रमा कम शोध भएको पाइयो ।

## *भाषिका र भाषिक भेदको तुलना, व्याकरण र समाजभाषिक अध्ययन*

भाषिका र भाषिक भेदको तुलना र व्याकरणात्मक अध्ययन अन्तर्गत जम्मा २३ ओटा शोध भएका छन् । जाजरकोटको डाँडागाउँली, झाँप्राली, दैलेखी भाषिका र भाषिक भेदको व्याकरणिक अध्ययन भएको छ । रुकुम बाँफीकोट, सुर्खेत सिम्ता दरा, अछाम आठसय क्षेत्र, बैजनाथ र कुइका क्षेत्रको भाषिक भेद र जुम्ली भाषिकाका बिच स्तरीय नेपालीसँग व्याकरणिक कोटिको तुलना गरिएको छ भने कालीकोट रास्कोटको भाषिक भेद र स्तरीय नेपालीसँग नाम र क्रियापद, लालुलोखडा र रुकुम मुसीकोटको भाषिक भेदसँग वाक्य गठन, अछाम बिरपथको भाषिक भेदसँग शब्दवर्ग र कारक विभक्ति, दैलेख आठविसको भाषिक भेदसँग पदकोटि, सुर्खेतको दर्माली र चिङगाडी, जाजरकोटको दसेरा र झाँप्राली, जुम्ला पान्सय दरा र भेरी खोलाको भाषिक भेदको पनि तुलना गरिएको छ। त्यसै गरी दैलेख लकान्द्र क्षेत्र र डोटेली भाषिका र स्तरीय नेपाली भाषाका बिच पनि तुलना गरिएको छ। जाजरकोटको गर्खाकोटमा बोलिने स्थानीय भेदको समाज भाषिक अध्ययन गरिएको छ। बुढा (२०६३) दाहाल (२०६३), उपाध्याय (२०६४) ले क्रमशः जाजरकोटी, रूकुम बाँफीकोट, कालीकोट लालुलोखडा क्षेत्रमा बोलिने स्थानीय भाषिक भेद र स्तरीय नेपालीका बिच केही शब्दगत र उच्चारणगत भेद बाहेक व्याकरणिक संरचनामा समानता रहेको उल्लेख गरेका छन्। बराल (२०६४) ले नेपाली र कालीकोटको रास्कोटमा बोलिने भाषिक भेदको क्रियापदका वर्णगत तुलना गर्दा नेपालीको अल्पप्राण वर्ण महाप्राण, सघोष अघोष भएको, समीभवनको बढी प्रयोग भएको र बिच र अन्त्यमा 'ह' वर्णको लोप भएको निष्कर्ष निकालेका छन् । गिरी (२०६४) को अनुसन्धानमा रास्कोटीमा स्वरागम, स्वरलोप, समीभवनीकरण, ध्वनि विपर्यय, अल्पप्राणीभवन, महाप्राणीभवन, व्यञ्जनागम र नेपालीका क, र वर्ण ण वर्णमा परिवर्तन भएको कुरा उल्लेख गरिएको छ।

बुढा (२०६४) ले दैलेखी भाषिका र स्तरीय नेपाली भाषाकाबीच शव्दवर्ग र व्याकरणात्मक कोटिबिच तुलना गरी केही शब्दगत र उच्चारणगत भिन्नता रहेको उल्लेख गरेका छन् । बिनाडी (२०६५) को अनुसन्धानमा नेपालीको आदरार्थी व्यवस्था डोटेलीमा नभएको, बहुवचनबोधक

प्रत्यय पनि नेपालीकाभन्दा डोटेलीमा फरक भएको निष्कर्ष निकालिएको छ। अधिकारी (२०६५) को सुर्खेत सिम्ता दराको भाषिक भेदमा व्याकरणका कोटि संरचनागत रुपमा नेपालीभन्दा भिन्न नभए पनि उच्चारण र केही शब्दगत भेद भएको कुराको निष्कर्ष निकालिएको छ। पाण्डे (२०६६), शाह (२०६६) र तिमिल्सेना (२०६७) का अनुसन्धानमा नेपाली र अछामीमा केही शब्दगत र उच्चारणगत भिन्नता पाइए पनि अन्य व्याकरणिक कोटिमा संरचनागत समानता भएको कुरा उल्लेख गरिएको छ। हमाल (२०६६) को शोधमा नेपालीको 'र' ध्वनि 'ड' मा परिणत भएको, थियो > छियो र बहुवचन जनाउने 'हरु' प्रत्यय जुम्लीमा नभएको कुरा उल्लेख गरिएको छ। शाही (२०६६) ले अछामीमा स्वरागम, स्वरलोप, ग > क, र ड > ण, द > ध ध्वनिमा परिवर्तन भएको कुरा उल्लेख गरेको पाइन्छ।

खड्का ( २०६७), कार्की (२०६९), उपाध्याय (२०६९) र मल्ल (२०७०) को शोधमा पनि क्रमशः मुसीकोटे, जाजरकोट झाप्राली, दैलेख आठविसकोट र जाजरकोटको भाषिक भेद र स्तरीय नेपालीका बिच संरचनामा समानता भए पनि शब्दगत र उच्चारणगत केही भिन्नता भएको कुरा उल्लेख गरिएको छ। पोखरेल (२०७०) को शोधमा कालीकोटे भाषिकामा स्वर आगम, स्वरलोप, समीभवन, अल्पप्रणीभवन, महाप्राणीभवन र व्याञ्जनागमको स्थिति रहेको र गोर्खालीमा यस्तो नरहेको निष्कर्ष निकालिएको छ। अधिकारी (२०७१) ले जाजरकोट दसेरा र झाँप्रा क्षेत्रको स्थानीय बोलीको तुलना गरेका छन्। दुवैमा केही शब्दको उच्चारणगत भेद रहेको र अधिकांश शब्दमा समानता रहेको उल्लेख गरिएको छ। उपाध्याय (२०७१) को शोधमा पनि जुम्ला जिल्लाको पान्सय दरा र भेरीखोला क्षेत्रमा बोलिने स्थानीय भाषिक भेदको तुलनात्मक अध्ययन गरी यी दुवै भेदमा केही समान शब्द भए पनि केही आफ्नै मौलिक शब्द भएको निष्कर्ष रहेको छ। खड्का (२०७२) द्वारा गर्खाकोट (जाजरकोट) क्षेत्रमा बोलिने स्थानीय भाषिक भेदको समाज भाषिक अध्ययन गरेका छन्। जात, वर्ग, शिक्षाका आधारमा भाषिक विशेषताको चर्चा गरी उक्त क्षेत्रमा समाज भाषिक भेद रहेको निष्कर्ष निकालिएको छ। केसी (२०७२) ले दर्माली र चिङगाडी भाषिक भेदबिच व्याकरणिक कोटिको तुलनात्मक अध्ययनमा दुवै भाषिक भेदमा समानता धेरै रहेको र केही मात्र ध्वनिगत र मौलिक शब्द रहेको उल्लेख गरेका छन्। मल्ल (२०७३) को शोधमा मानक नेपाली भाषा र दैलेख लकान्द्र क्षेत्रमा बोलिने भाषिक भेदको तुलनात्मक अध्ययनमा दुबै भाषामा संरचनागत समानता भएको र केही उच्चारणगत मात्र भिन्नता भएको सार निकालिएको छ। धेरैजसो भाषिका र भाषिक भेदको स्तरीय नेपालीसँग तुलनात्मक अध्ययन गरिएको छ। सबै अनुसन्धान स्तरीय नेपालीभन्दा भिन्न व्याकरणिक संरचना नभएका, केही आत्त नै मौलिक शब्द भएका र धेरैजसोमा ध्वन्यात्मक शब्दभेद रहेको सबै अनुसन्धान कर्ताको सार रहेको छ। त्यसै गरी सामाजिक भेदको अनुसन्धानकर्ताले पनि भाषिक भेदमा सामाजिक भेद रहेको कुरा उल्लेख पाइन्छ।

## *भाषा भाषिकाको कोशीय, तुलना र व्याकरणगत अध्ययन*

भाषा, भाषिकाको कोशीय, तुलनात्मक र व्याकरणगत अध्ययन अन्तर्गत जम्मा २८ ओटा शोध भएका छन् । सुर्खेत साटाखानीको मगर, पश्चिमा थारू र बाँकेको अवधी भाषा र नेपाली भाषाका व्याकरणात्मक कोटीको तुलनात्मक अध्ययन भएको छ । मगर र मगर ढुट भाषाका बिचमा पनि तुलना भएको छ । कालीकोटे, बाजुराली, सिँजाली, रुकुमेली, सिम्ताली, मुगाली हुम्ली भाषिक भेद र राउटे (खाम्ची), मगर पाङखाम भाषामा कोशगत अध्ययन भएको छ । अनुकरणात्मक शब्दकोश पनि नेपाली भाषाका भाषिक भेद र अन्य भाषामा भएका छन् । जुम्ली, जाजरकोटी, रुकुमेली भाषिक भेदको अनुकरणात्मक शब्दकोश पनि निर्माण भएको छ । मगर ढुट भाषा र कालिकोटे भाषिक भेदको क्रियाकोश निर्माण भएको छ भने कालीकोट र दुल्लुका धामीझाँक्रीले बोल्ने भाषाका शब्दको सङ्कलन गरी कोश निर्माण गरिएको छ । त्यसै गरी कृषि र सुनचाँदी व्यवसायीको पार्सी भाषाका पनि शब्दकोशीय अध्ययन भएको छ। भण्डारी (२०६३) ले मगर र नेपालीमा सङ्ख्यागत रूपमा लिङ्ग, वचन, कारक, पुरुष, भाव र काल पक्षमा समानता रहेको कुराको सार निकालेका छन् । उनले मगर भाषामा लिङ्ग र वचनगत सङ्गति नहुने कुराको निष्कर्ष निकालेका छन् । बराल (२०६४) ले कालीकोटे भाषिकाका ८०० शब्द सङ्कलन गरी तिनको व्युत्पादन, शब्दवर्ग र नेपाली अर्थ प्रस्तुत गरेका छन् । यसमा कालीकोटका मौलिक व्यावहारिक शब्द र कतिपय स्तरीय नेपाली शब्द समेत प्रविष्टिमा समावेश गरिएको छ। कटुवाल (२०६५) द्वारा बाजुराली भाषिकाका ६०० जति मौलिक शब्द, व्युत्पत्ति, शब्दवर्ग र नेपाली अर्थ प्रस्तुत गरिएको छ । लामिछाने (२०६६) द्वारा पश्चिमा थारू भाषामा आदरका तह तिन र नेपालीमा चार रहेको, थारूमा कालगत भेद नभएको कुरा उल्लेख गरिएको छ । यसमा उनले नेपाली र थारूको शब्दवर्ग र व्याकरणिक कोटिका बिच तुलना गरिएको छ। थारूमा हरु > ओन, इन, हुक्र, अकरणमा न > ना, नि नै र नेपालीको जस्तो आदरार्थीको तह नभएको कुरा उल्लेख गरेका छन् खत्री (२०६९) ले रुकुमको तकसेरामा बोलिने मगर खाम भाषा र नेपालीमा भएको लिङ्गभेद मगरमा नभएको कुराको निष्कर्ष निकालेका छन्। खड्का (२०६९) ले बाँकेको अवधी भाषामा लिङ्ग भेद नभएको, भूत कालिक क्रिया बाहेक अन्यमा वचन सङ्गति नरहेको, आदरका तिन तह मात्र रहेको, फरक विभक्ति चिन्ह भएको र काल पक्ष र भावमा व्यतिरेक रहेको निष्कर्ष निकालेका छन्। बुढा (२०६९) ले मगर र ढुट मगर दुवै भाषामा लिङ्ग भेद नरहे पनि शब्दगत भेद रहेको निष्कर्ष निकालेका छन् भने रावत (२०७१) ले जुम्ली भाषाको अनुकरणात्मक शब्दकोशमा जम्मा ४४१ शब्द सङ्कलन र ध्वनिगत र गतिका आधारमा उक्त शब्दलाई वर्गीकरण पनि गरेका छन् । भण्डारी (२०७१) द्वारा रोल्पा जिल्लाको पाङ/खाम भाषाका शब्दको सङ्कलन गरी शब्दवर्ग र नेपाली अर्थ प्रस्तुत गरिएको छ । यरी (२०७१) ले राउटे (खाम्ची) भाषाका ९५३ शब्द सङ्कलन गरी शब्दवर्ग र नेपाली अर्थ प्रस्तुत गरेका छन् । यसमा बढीजसो नाम वर्गका शब्दको सङ्कलन भएको पाइन्छ। बुढाथोकी (२०७१) ले रुकुम जिल्लामा बोलिने कथ्य भाषाको शब्दकोश निर्माणमा रुकुमेली स्थानीय भाषिक भेदका उच्चारणगत भिन्नता भएका र

कतिपय मौलिक शब्द पनि भएको सार निकालेका छन् । बुढा (२०७१) द्वारा रुकुम जिल्लाको काँक्री क्षेत्रको मगर पाङखाम भाषाको शब्दवर्गगत अध्ययन भएको छ भने तिमिल्सिना (२०७२) द्वारा जुम्ली साङ्केतिक भाषाको कोशमा नाम, सर्वनाम, क्रिया विशेषण वर्गका जुम्ली ६४७ शब्द सङ्कलन गरी तिनको सङ्केत सहित नेपाली अर्थ प्रस्तुत गरिएको छ । शाही (२०७२) ले सिम्ताली भाषिकाका मौलिक शब्द सङ्कलन गरी शब्दवर्ग र नेपाली अर्थ प्रस्तुत गरेका छन् । केसी (२०७२) ले दर्माली र चिङगाडी दुवै भाषिक भेदमा समानता बढी रहेको र केही मात्र ध्वनिगत र मौलिक शब्द रहेको उल्लेख गरेका छन् । खडका (२०७२) को शोधमा जाजरकोटी भाषिक भेदका ४५२ अनुकरणात्मक शब्द सङ्कलन गरी तिनलाई ध्वनिगत र गतिका आधारमा छुट्याइएको छ । यसमा मौलिक र उच्चारणगत भिन्न जाजरकोटी अनुकरणात्मक शब्दको चर्चा गरिएको छ । बास्तोला (२०७३) ले सुर्खेत पश्चिममा बोलिने भाषिक भेदका १२०० सजीव, निर्जीव, मौलिक अनुकरणात्मक शब्दको सङ्कलन गरी तिनको विश्लेषण गरिएको छ । थापा (२०७३) ले अछामी कृषि क्षेत्रका शब्दको शब्दकोशमा जम्मा ३३१ अछामी मौलिक र नेपाली भाषासँग मेल खाने खेतीपाती, किरा फट्याङग्रा, फलफुल र औजारका नाम सङ्कलन गरी तिनको नेपाली अर्थ दिएका छन् । थापा (२०७४) ले सल्यान जिल्लाको शारदा नगर पालिकामा बोलिने स्थानीय मौलिक शब्दको सङ्कलन गरी तिनको शब्दवर्ग र नेपाली अर्थ प्रस्तुत गरेका छन् । खड्का (२०७४) ले छेडागाड नगर पालिकाका स्थानीय ४५२ ओटा ध्वनि, सजीव र निर्जीव, मौलिक अनुकरणात्मक शब्दको सङ्कलन गरी नेपाली अर्थ प्रस्तुत गरेका छन् । सेन (२०७४) ले रुकुमेली भाषिक भेदका ४०० ओटा अनुकरणात्मक शब्द सङ्कलन गरी केही नेपालीभन्दा भिन्न मौलिक अनुकरणात्मक शब्द रहेको सार निकालेका छन् । सापकोटा (२०७४) ले मुगुको खत्याड क्षेत्रका स्थानीय मौलिक शब्दको सङ्कलन गरी तिनको शब्दवर्ग र नेपाली अर्थ प्रस्तुत गरेका छन् । बोहोरा (२०७४) ले हुम्ली भाषिकाका स्थानीय मौलिक ७९१ शब्दको सङ्कलन गरी तिनको शब्दवर्ग र मानक नेपालीमा अर्थ प्रस्तुत गरेका छन् । सुनार (२०७४), पार्सीका जम्मा २५४ शब्द सङ्कलन गरी तिनको शब्दवर्ग छुट्याइएको र नेपाली अर्थ पनि प्रस्तुत गरेका छन् । पार्सी शब्दावलीमा केही गोपनीयता कायम राख्नका लागि साङ्केतिक शब्द र अन्य नेपाली भाषाभन्दा फरक उच्चारण भएका शब्द रहेको उनको सार रहेको छ । ज्ञवाली (२०७४) दैलेख दुल्लु क्षेत्रमा धामीले देउता तान्दा प्रयोग गर्ने ३१० शब्द सङ्कलन गरेकी छन् । ती धामीले प्रयोग गर्ने शब्द धेरैजसो दैलेखी स्थानीय भेदका भएका र केही मौलिक रहेको कुरा उनको निष्कर्षमा उल्लेख छ । आले मगर (२०७५) ले ढुट मगर भाषाको क्रिया शब्दकोशमा पश्चिम सुर्खेतका ढुट मगर भाषाका सकर्मक २६४ र अकर्मक १६६ क्रियापदको सङ्कलन गरी तिनलाई वर्णानुक्रममा राखी नेपाली अर्थ प्रस्तुत गरिएको छ । सन्ज्याल (२०७५ ) ले कालीकोटे भाषिकाका जम्मा ४६० क्रियापद सङ्कलन गरेका छन् । यसमा सकर्मक र अकर्मक क्रिया छुट्याइएको छ । कालिकोटे क्रियामा नेपालीको र श्रण मा परिवर्तन हुने विशेषता रहेको उल्लेख गरिएको छ ।

## *लोक साहित्यमा प्रयुक्त भाषाको अध्ययन*

लोक साहित्यमा प्रयुक्त भाषाको अध्ययन अन्तर्गत जम्मा २७ ओटा शोधपत्र छन् । यस अन्तर्गत घिमिरे, (२०६७ ) ले थारू, घर्ती (२०६९) ले असिदराली, जैसी (२०६९) ले हुम्ली चौलागाइँ (२०७०) ले तिब्रीकोटी भाषिक भेद र केसी (२०७२) ले रुकुम जहारी क्षेत्र, सुर्खेत सिम्ता क्षेत्रका उखानको अध्ययन भएको छ। शाही (२०६७) ले सिँजा दरा र दुल्लु क्षेत्र, उपाध्याय (२०७२) ले जुम्ला पान्सय दरा र सिंह (२०७३) ले सिम्ता दराका संस्कार गीतमा प्रयुक्त भाषाको शोध भएको पाइन्छ । बुढा (२०६७) ले जाजरकोट दसेरा क्षेत्र, पाण्डे (२०६८) ले दैलेख माझखण्ड र सन्ज्याल (२०७१) ले कालिकोट सान्नी रास्कोट क्षेत्रका पर्वोत्सव गीतमा प्रयोग भएको भाषाको अनुसन्धान भएको छ। कठायत (२०६९) ले कालीकोट र जैसी (२०६९) ले दैलेखको आठबिस क्षेत्रमा गाइने देउडा, गौतम (२०७१) ले रुकुमकोट क्षेत्र र खत्री (२०७२) ले सुर्खेत जिल्लाको सिम्ता दरामा प्रचलित लोककथा, आचार्य (२०७१) ले कालीकोट रास्कोटमा गाइने मागल र झोडा, खड्का (२०७२) ले जाजरकोट लहँ क्षेत्रमा प्रचलित ख्याली गीत, सुर्खेत जिल्लाको सिम्ता क्षेत्रमा गाइने सिँगारु र टप्पा गीतमा र कालीकोटे भाषिक भेदको गालीमा प्रयोग भएको भाषाको शोध भएको छ। सिंह (२०७१) र शाह (२०६५) ले धामीझाँक्रीले प्रयोग गर्ने शब्दको अध्ययन गरेका छन् । बोगटी (२०७४) ले कालीकोटे गालीलाई विषय वस्तुका आधारमा आर्थिक अवस्था, जीवन पद्धति, सामाजिक मान्यता, प्रकृति, पशुपक्षी, धार्मिक गरी ६ प्रकारका, संरचनाका आधारमा पदगत, पदावलीगत र वाक्यगत, अभिव्यक्तिका आधारमा आवेशिक, अनावेशिक र आत्मगालीका रूपमा वर्गीकरण गरिएको छ । प्रस्तुतिका आधारमा प्रत्यक्ष र अप्रत्यक्ष र सामाजिक संस्कारका आधारमा औपचारिक र अनौपचारिक गालीका रूपमा वर्गीकरण गरी विश्लेषण गरिएको छ। लोक साहित्यका उखान, ख्याली, टप्पा, भारत, संस्कार गीत, कर्खा गीत, सिंगारु, झोडा, मागल, डेउडा जस्ता विधामा प्रयुक्त भाषिक अध्ययनमा स्थानीय भाषाको प्रभाव रहेको सबै शोधार्थीले सार निकालेको पाइयो ।

## निष्कर्ष

नेपाली शिक्षा विभागबाट २०७५ सालसम्म भाषिक अनुसन्धानका ७८ शोधमध्ये भाषिका र भाषिक भेदको तुलना र व्याकरणात्मक अध्ययन क्षेत्र अन्तर्गत २३ (२९ प्रतिशत), भाषा, भाषिकाको कोशीय, तुलनात्मक र व्याकरणगत अध्ययन अन्तर्गत जम्मा २८ (३६ प्रतिशत) र लोक साहित्यमा भाषाको अध्ययन अन्तर्गत जम्मा २७ (३५ प्रतिशत) शोध भएका छन्। भाषिका र भाषिक भेदको स्तरीय नेपालीसँग व्याकरणात्मक कोटी, नाम र क्रिया पद, शब्दवर्ग, कारक विभक्ति र पदकोटिगत तुलना गरिएको छ। सुर्खेत साटाखानीको मगर, पश्चिमा थारू र बाँकेको अवधी भाषा र नेपाली भाषाका व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन भएको छ भने मगर र मगर ढुट भाषाका बिचमा पनि तुलना गरिएको छ। कालीकोटे, बाजुराली, सिँजाली, रुकुमेली, सिम्ताली, मुगाली र हुम्ली भाषिका र राउटे (खाम्ची), मगर, मगर पाङ/खाम भाषाका शब्दकोशीय अध्ययन भएका छन् । जुम्ली, जाजरकोटी, रुकुमेली भाषिक भेदको अनुकरणात्मक कोश पनि

निर्माण भएका छन् भने मगर ढुट भाषा र कालीकोटे भाषिक भेदको क्रियाकोश निर्माण भएको छ। कालीकोट र दुल्लुका धामीझाँक्रीले बोल्ने भाषाका शब्दको सङ्कलन गरी कोश निर्माण गरिएको छ। त्यसै गरी कृषि र सुनचाँदी व्यवसायीको पार्सी भाषाका पनि शब्दकोशीय अध्ययन भएको छ। थारू, अवधी भाषा र असिदराली, हुम्ली तिब्रीकोटी भाषिक भेद र रूकुम जहारी क्षेत्र, सुर्खेत सिम्ता क्षेत्रका प्रयुक्त उखान, सिंजादरा, दुल्लु क्षेत्र, जुम्ला पान्सय दरा र सिम्ता दराका संस्कार गीतमा प्रयुक्त भाषाको शोध भएको पाइन्छ। जाजरकोट दसेरा क्षेत्र, दैलेख माझखण्ड र कालीकोट सान्नी रास्कोट क्षेत्रका पर्वोत्सव गीतमा प्रयोग भएको भाषाको अनुसन्धान भएको छ। कालीकोट र दैलेखको आठविस क्षेत्रमा गाइने देउडा, रुकुमकोट क्षेत्र र सुर्खेत जिल्लाको सिम्ता दरामा प्रचलित लोककथा, कालीकोट रास्कोटमा गाइने मागल र झोडा, जाजरकोट लहँ क्षेत्रमा प्रचलित ख्याली गीत, सुर्खेत जिल्लाको सिम्ता क्षेत्रमा गाइने सिंगारू र टप्पा गीतमा गीत र कालीकोटे भाषिक भेदको गालीमा प्रयोग भएको भाषाको शोध भएको छ। यसरी सुर्खेत क्याम्पस शिक्षाबाट भाषा र भाषिकाको कोशीय अध्ययन धेरै भएको छ भने व्याकरणिक र तुलनात्मक अध्ययन कम भएको छ। लोक साहित्यमा भाषाको अध्ययन भने दोस्रो स्थानमा रहेको छ। भाषा सम्बन्धी भएका सबै शोधले भाषिक क्षेत्रलाई समेटेको पाइन्छ। भाषाका विशेषता, भाषाका बिचको तुलना, भाषा, भाषिका र भाषिक भेदका बिचको तुलनाले भाषिक संरक्षणमा टेवा पुऱ्याउँछ भने लोक साहित्यमा प्रयुक्त भाषाको अध्ययनले पनि भाषिक भेदको अध्ययनमा जोड दिएको हुन्छ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्ग राज (२०६०), शोध समस्याहरुको छनोट, चुडामणि बन्धु (सम्पा.), *अनुसन्धान विधिका केही पक्ष* (पृपृ. ८-१३), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

अधिकारी, कृष्णराज (२०७१), *जाजरकोट दशेरा र झाप्रा क्षेत्रको स्थानीय बोलीको तुलना,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग सुर्खेत क्याम्पस शिक्षा।

अधिकारी, पुस्कर (२०६५), *सुर्खेत जिल्लाको सिम्ता दराको भाषिक भेद र नेपाली भाषाका बिच व्याकरणात्मक कोटीको तुलना,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

आले मगर, यमसरी (२०७५), *ढुट् मगर भाषाको क्रिया शब्दकोश,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

उपाध्याय, अविराज (२०७१), *जुम्ला जिल्लाको पान्सय दरा र भेरीखोला क्षेत्रमा बोलिने स्थानीय भाषिक भेदको तुलनात्मक अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

उपाध्याय, दुर्गा प्रसाद (२०६९), *दैलेख आठविस दराको नेपाली भाषिक भेद र नेपाली भाषाका पदकोटिबिच तुलना,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

उपाध्याय, धनकृष्ण (२०६४), *कालिकोटको लालुलोखडा क्षेत्रको स्थानीय भेद र स्तरीय नेपालीका बिच वाक्यगठनको तुलना,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

कटुवाल, नर बहादुर (२०६५), *बाजुराली भाषिकाको शब्दकोश,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

केसी, नन्दराज (२०७२), *रूकुम जहारी क्षेत्रमा प्रचलित उखानको अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

केसी, पहल बहादुर (२०७२), *दर्माली र चिङ्गाडी भाषिक भेदबिच व्याकरणिक कोटीको तुलनात्मक अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

खड्का, तुला कुमारी (२०७२), *जाजरकोटी भाषिक भेदका अनुकरणात्मक शब्दकोश,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

खड्का, पविन कुमार (२०६७), *रूकुम मुसिकोट क्षेत्रमा बोलिने नेपाली र स्तरीय नेपालीका बिच वाक्य गठनगत तुलना,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

खड्का, ऐन बहादुर (२०७२), *गर्खाकोट (जाजरकोट) क्षेत्रमा बोलिने स्थानीय भाषिक भेदको समाज भाषिक अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

खड्का, खुम बहादुर (२०६९), *बाँकेको अवधी भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिको व्यतिरेकी अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

खत्री, रुद्र बहादुर (२०६९) *रूकुमको तकसेरामा बोलिने मगर खाम भाषाको अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

घर्ती, नर बहादुर (२०६९), *असिदराली भाषिकाका उखानको अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

चौलागाइँ, पार्वती (२०७०), *तिब्रीकोटी भाषिक उखानको अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

जैसी, बलिचन्द्र (२०६९), *हुम्ला जिल्लाका हुम्ली उखानको अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

तिमिल्सिना, देवेन्द्र (२०७२) *जुम्ली साँकेतिक भाषाको नमुना शब्दकोश निर्माण,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

तिमिल्सेना, नरेन्द्र राज (२०६७), *अछाम कुइका क्षेत्रको नेपाली र स्तरीय नेपालीका बिच व्याकरणिक कोटीको तुलना,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

थापा, हीरासिंह (२०७४), *सल्यानी भाषिक भेदको शब्दकोश, (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग,* सुर्खेत क्याम्पस शिक्षा।

दाहाल, शेरवीर (२०६३), *रुकुम बाँफिकोटको स्थानीय भाषिक भेद र स्तरीय नेपाली भाषाका व्याकरणिक कोटिको तुलना,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा।

धिमिरे, बालिका (२०६७), *बर्दिया जिल्लाको राजापुर क्षेत्रमा प्रचलित थारू भाषाका उखानको अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

पाण्डे, रामचन्द्र (२०६६), *अछाम आठसय क्षेत्रमा बोलिने स्थानीय भेद र स्तरीय नेपालीका बिच व्याकरणिक कोटीको तुलना,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

पोखरेल, कृष्ण प्रसाद (२०७०), *कालीकोट भाषिका र गोरखाली भाषिक भेदको तुलना,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

बराल, मनिराज (२०६४), *कालीकोटको रास्कोट क्षेत्रमा बोलिने नेपाली र मानक नेपालीको क्रियापदको तुलना,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

बराल, जयराम (२०६४), *कालीकोटे भाषिकाको शब्दकोश, (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग,* सुर्खेत क्याम्पस शिक्षा ।

बास्तोला, माया कुमारी (२०७३), *सुर्खेत पश्चिममा बोलिने अनुकरणात्मक शब्दको अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

बिनाडि, महेश्वर प्रसाद (२०६५), *डोटेली भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

बुढा, चन्द्र बहादुर (२०६३), *जाजरकोटको डाँडागाउँली भाषिकाको एक : अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

बुढा, मिन बहादुर (२०६९), *मगर र ढुट मगर भाषाको तुलनात्मक अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

बुढाथोकी, भुपिलाल (२०७१), *रुकुम जिल्लामा बोलिने कथ्य भाषाको शब्दकोश निर्माण,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

बोहोरा, प्रदिप (२०७४), *हुम्ली भाषिकाको शब्दकोश,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

भण्डारी, कृष्ण प्रसाद (२०६३), *साटाखानीका मगर भाषा र नेपाली भाषाको व्याकरणिक कोटिको तुलना,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

भण्डारी, भिम बहादुर (२०७१) *रोल्पा जिल्लामा बोलिने मगर पाङखाम भाषाको शब्दकोश निर्माण,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

मल्ल, इला (२०७३), *मानक नेपाली भाषा र दैलेख लकान्द्र क्षेत्रमा बोलिने भाषिक भेदको तुलनात्मक अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

मल्ल, भद्र बहादुर (२०७०), *स्तरीय नेपाली भाषा र रूकुम कोल क्षेत्रमा बोलिने भाषिक भेदको तुलनात्मक अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

यरी, शिखर कुमार (२०७१), *राउटे (खाम्ची) भाषाको शब्दकोश,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

रावत, नर बहादुर (२०७१), *जुम्ली भाषाको अनुकरणात्मक शब्दकोश,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

लामिछाने, बिजय नारायण (२०६६), *पश्चिमा थारू भाषा र नेपाली भाषाका बिचको व्याकरणिक कोटीको तुलना,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

शाह, जितेन्द्र कुमार (२०६६), *अछाम बैजनाथ क्षेत्रमा बोलिने स्थानीय भाषिका र स्तरीय नेपाली भाषाका व्याकरणिक कोटिबिचको व्यतिरेकी विश्लेषण,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

शाही, काली बहादुर (२०६७), *सिंजादरामा प्रचलित संस्कार गीतमा प्रयुक्त भाषिक अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

शाही, चित्र बहादुर (२०७२), *सिम्ताली भाषिको शब्दकोश निर्माण,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

शाही, जंग बहादुर (२०६७), *दैलेख जिल्लाको दुल्लु क्षेत्रमा प्रचलित संस्कार गीतमा प्रयुक्त भाषाको अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

सापकोटा, टिकाराम (२०७४), *मुगाली भाषिकाका शब्दकोश,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

सिंह, कोकिला कुमारी (२०७३), *सिम्ता दरामा प्रचलित संस्करा गीतमा प्रयुक्त भाषाको अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

सुनार, पूर्ण बहादुर (२०७४), *सुनचाँदी व्यवसायीले प्रयोग गर्ने पार्सी शब्दकोश,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

सेन, कृष्ण बहादुर (२०७४), *रुकुमेली भाषिक भेदको अनुकरणात्मक शब्दकोश,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।

हमाल, भक्त बहादुर (२०६६), *जुम्ली भाषिका र स्तरीय नेपाली भाषाका व्याकरणात्मक कोटिको तुलनात्मक अध्ययन,* (अप्रकाशित एम.एड शोधपत्र) नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस शिक्षा ।